
Coronavirus CivActs Campaign presents

CIVIC ACTION TEAMS

# FAIR FACTS

अंक ११५

५।०४।२०७८



काभ्रेको नमोबुद्ध नगरपालिकाका प्रमुख कोरोना संक्रमितको अवस्था बुझ्न नगरले सञ्चालनमा ल्याएको आईसोलेशनमा । उक्त नगरपालिकाको वडा नं ४ क्षेत्र संक्रमण बढेको भन्दै पूर्ण रुपमा सिल गरिएको छ ।

*तस्विर: रोजन तामाङ*



खोप केन्द्रहरुमा कोरोना विरुद्धको खोप लगाउनेहरुको अत्याधिक भिड । जनगुनासो बढेपछि प्रधानमन्त्री द्वारा खोप अभियान व्यवस्थित बनाउन मुख्य सचिव र स्वास्थ्य सचिवलाई निर्देशन् ।

*थप विवरणहरुको लागि यहाँ क्लिक गर्नुहोस्*

## यस अंक भित्र

**भरतपुर महानगरपालिकाको बजेट बिनियोजनमा कोभिडसँग सम्बन्धित शिर्षकमा थोरै बजेट ।**

स्वास्थ्य क्षेत्रमा महानगरले जम्मा बजेटको १.८७% बजेट मात्र छुट्याएको छ ।

---

**जोन्सन एण्ड जोन्सन खोप सुरक्षित नभएको भन्ने हल्ला के हो ?**

अहिलेसम्म उपलब्ध प्रमाणले खोप र गीयान बारे सिन्ड्रोम (Guillain-Barre Syndrome)को जोखिम बिच प्रत्यक्ष सम्बन्ध रहेको देखिएको छैन ।

---

**बाहिरी जिल्लाबाट आउनेहरु अब सजिलै काठमाण्डौ उपत्यका प्रवेश गर्न पाउँछन् रे ।**

स्थानीय पालिका वा प्रशासन कार्यालयको सिफारिस अनिवार्य गरिएको छ ।

# फ्याक्ट सिट

## भरतपुर महानगरपालिकाको बजेट बिनियोजनमा कोभिडसँग सम्बन्धित शिर्षकमा थोरै बजेट ।

जम्मा बजेट
**४ अर्ब ८० करोड**

कोभिडसँग सम्बन्धित बिनियोजन **५.६%**

स्वास्थ्य क्षेत्र
**९ करोड**

कोभिड कोष
**१ करोड ९० लाख**

क्वारेन्टाईन व्यवस्थापन
**५० लाख**

कृषिमा आधारित नवप्रवर्तनकारी व्यवसाय अनुदान
**८ करोड ७० लाख**

न्युन आए भएका समुहका लागि लक्षित कार्यक्रम
**८ करोड ७० लाख**

युवाका लागि रोजगार सृजना गर्ने कार्यक्रमका लागि
**३ करोड ५० लाख**

भरतपुर महानगरपालिकाले भर्खरै आर्थिक वर्ष २०७८/७९ का लागि वार्षिक बजेट पारित गरेको छ । महानगरपालिकाले आगामी आर्थिक वर्षको लागि जम्मा ४ अर्ब ८१ करोड १२ लाख बजेट बिनियोजन गरेको छ । नेपालकै प्रमुख मध्येको एक व्यापारिक केन्द्र रहेको भरतपुर महानगरले कोभिड प्रतिकार्यलाई प्रथमिकतामा राख्नु स्वभाविक हो । अरु पालिका जस्तै उसले पनि कोभिड प्रतिकार्यलाई बजेटको मुख्य उद्देश्यमा राखेको छ, तर वास्तविक बिनियोजनमा यो कतै देखिदैन । स्वास्थ्य क्षेत्रमा महानगरले जम्मा बजेटको १.८७% बजेट छुट्याएको छ । त्यसै गरेर, आकस्मिक कोभिड कोषमा ०.३९% र क्वारेन्टाईन व्यवस्थापनमा ०.१% बजेट छुट्याएको छ । त्यसै गरेर, युवाका लागि रोजगार सृजना गर्ने कार्यक्रम र  कृषिमा आधारित नवप्रवर्तनकारी व्यवसाय अनुदानमा कतै पनि कोभिड प्रभावित परिवारका लागि भनेर उल्लेख गरिएको छैन । यसरी हेर्दा बजेटको उद्देश्य र विनियोजनमा खासै तालमेल देखिदैन ।

स्रोत: https://www.swc.org.np/sites/default/files/suchana/FlashReport_infograph_July%209.pdf

# हल्ला र तथ्य

?

जोन्सन एण्ड जोन्सन खोप सुरक्षित नभएको भन्ने हल्ला के हो ?

अमेरिकाको औषधी नियामक निकायले जोन्सन एण्ड जोन्सन खोपले स्नायु प्रणाली सम्बन्धी गीयान बार्रे सिन्ड्रोम (Guillain-Barre Syndrome) को जोखिम बढाउन सक्ने जानकारी दिएपछि यो हल्ला फैलिएको हो । तर, अहिलेसम्म उपलब्ध प्रमाणले खोप र गीयान बार्रे सिन्ड्रोमको जोखिम बिच प्रत्यक्ष सम्बन्ध रहेको देखिएको छैन । साथै उसले यो खोप लगाउँदा जोखिम भन्दा फाईदा बढी रहेको पनि जनाएको छ । नेपाल सरकारले पनि यस्ता हल्लाको पछाडी नलाग्न अनुरोध गरेको छ ।

Source: https://cutt.ly/mmVz9kn

?

हामीले पहिलो खोप लगाएको नै चार महिना बितिसक्यो, दोस्रो खोप पाउने कुनै पत्तो छैन । अहिले फेरी के के खोपको पहिलो मात्रा भन्ने सुनिन्छ । सरकारले एक मात्रा खोप दिएर सबैलाई भुलाउन खोजेको त होईन ?

कोभिशिल्डको पहिलो मात्रा खोप लगाएका ६५ वर्ष माथिका सम्पूर्ण व्यक्तिका लागि दोस्रो मात्र खोपको व्यवस्था भईसकेको र केही दिनमै खोप प्राप्त भई खोप उपलब्ध गराईने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनकारी गराएको छ । त्यसै गरेर, आगामी साउन ६ गतेबाट चीनबाट खरिद गरिएका थप खोप पनि आउने र साउन १५ गते भित्र कम्तिमा ३२ खोप आईसक्ने पनि सरकारले जनाएको छ । अब खोप निरन्तर आउने प्रकृयामा रहेकोले पहिलो मात्रा लगाएकाले दोस्रो मात्रा समयमै पाउने पनि सरकारले जनाएको छ ।

Source: https://cutt.ly/EmVqfL6

?

बाहिरी जिल्लाबाट आउनेहरु अब सजिलै काठमाण्डौ उपत्यका प्रवेश गर्न पाउँछन् रे । के अब सिफारिस पनि चाहिदैन ?

अत्यावश्यक काम विशेषले काठमाण्डौ उपत्यका प्रवेश गर्ने सार्वजनिक तथा निजी सवारी साधनहरुलाई आवत जावत गर्न दिईने भनेको छ । विशेष गरेर परीक्षा दिनुपर्ने विद्यार्थीलाई सहज होस् भनेर यो सुविधा दिईएको हो । तर, यसको लागि स्थानीय पालिका वा प्रशासन कार्यालयको सिफारिस भने अनिवार्य गरिएको छ ।

Source: https://cutt.ly/gml3tjX

# कोभिड - १९ को समयमा शव व्यवस्थापन

## समुदाय द्वारा शव व्यवस्थापनमा अवरोध

COCAP

फेब्रुअरी २०२०

शव व्यवस्थापनमा अवरोध गर्दै **१४** घटना दर्ता

मे २०२१




*स्पष्टिकरण: यो तथ्यांक अनलाईन मिडिया, राष्ट्रिय दैनिकहरु, जिल्ला स्तरमा प्रकाशित हुने पत्रपत्रिकाहरु र नेपाल प्रहरीको वेवसाईटबाट संकलन गरी एकिकृत गरिएको हो । त्यसैले, यसले वास्तविक तथ्यांक भन्दा पनि तोकिएको समयमा सम्बन्धित घटनाको प्रवृत्तिलाई उजागर गर्दछ ।*

कोभिड - १९ का कारण मृत्यु भएका व्यक्तिको शव व्यवस्थापन गर्ने विषयमा सुरुवाती अवस्था देखी नै असहज परिस्थिती सृजना भएको छ । सरकारले २०७६ चैत्र २५ गते नै कोभिड - १९ का कारण मृत्यु भएका व्यक्तिको शव व्यवस्थापन सम्बन्धी कार्यविधी पारित गरेको थियो । २०७७ असोज २५ गते यसको दोस्रो संसोधन पनि पारित भएर लागु भईसकेको छ । तर, अझै पनि समुदाय स्तरबाट शव व्यवस्थापनमा अवरोध हुन रोकिएको छैन । समुदायमा संक्रमण सर्नसक्ने भनेर परिवारका सदस्यहरुले आफन्तको दाहसंस्कारमा सहभागी हुन नपाएका १४ घटनाहरु बाहिर आएकाछन् । विश्व स्वास्थ्य संगठनले पनि शव दहन पछि संक्रमण सर्नसक्ने सम्भावना एकदमै न्युन रहेको जनाएको छ । यदि मापदण्डको पालना गर्ने हो भने यस्ता अवरोध र विरोध गर्न आवश्यक पर्दैन । तर, समुदायमा चेतनाको अभावमा यस्ता घटनाहरु घटिरहेकाछन् । धेरैजसो घटनाहरुमा शव एम्बुलेन्समै राखिएको छ वा व्यवस्थित रुपमा व्यवस्थापन गरिएको छैन । यसले कार्यविधीमा भने अनुसार, मृतकको शवको अन्तिम संस्कार नहुदा सम्म शव व्यवस्थापनको जिम्मा सम्बन्धित अस्पतालले लिनुपर्ने भनेर उल्लेख गरिएको कुराको सोझै उलंघन गर्दछ । त्यसैले, कार्यविधीमा भने अनुसार आफन्तहरुलाई मापदण्ड अनुसार अन्तिम संस्कारमा सहभागी गराउन र शव व्यवस्थापनको उचित अनुगमन गर्न सरकारले ध्यान दिनु पर्दछ ।

Source: https://nepalmonitor.org/

# श्रमिक साथी

Shramik Sanjal

## मध्यपूर्बका देशमा ईद सुरु भएको छ । हाम्रा सम्पूर्ण साथीहरुमा ईद मूबारक

### यूएई:



- अबुधावीमा मल, सिनेमा, रेस्टुरेन्ट तथा सार्वजनिक ठाउँहरु निश्चित क्षमताका साथमात्र सञ्चालन हुनेछन् । जस अनुसार,
  - सपिङ मल : ४० प्रतिशत
  - समुद्रिकानारा, स्वीमिङ पुल, रेस्टुरेन्ट, सार्वजनिक क्षेत्र : ५० प्रतिशत
  - सिनेमा : ३० प्रतिशत
- ६ जना अट्ने ट्याक्सीमा ३ जना मात्र यात्रा गर्न पाइने ।
- ईदको अवसरमा अबुधावी लगायत यूएईका सबैजसो ईमिरेट्समा टोल गेट तथा पर्किङ शुल्क नि:शुल्क गरीएको छ ।
- ईदको विदामा Covid – 19 Vaccination Centre हरु बन्द रहने छन् ।
- अबुधावीमा Seha ले अर्को Covid – 19 drive thru Centre open गरेको छ ।
- अबुधावीमा National Sterilisation Programme २० जुलाईबाट फेरी सुरु गरिने भएको छ ।
- यूएईबाट - भारत, बंगलादेशसँग स्थगित उडान जूलाई ३१ सम्मको लागि पर सारिएको छ । अहिलेको सूचनामा नेपाल समावेश छैन । अर्को सूचना नआएको खण्डमा जुलाई २१ पछी नेपालबाट यूएई उडान हुने कुरामा आशावादी हुन सकिन्छ ।

### कुवेत:

- कुवेतमा ईदको छुट्टी शुरु भएको छ । २५ तारिखबाट मात्र सरकारी कार्यालय खुल्नेछन् ।
- वैदेशिक रोजगारीका लागि भिषा भएकाहरुलाई साउन ४ गतेबाट जोन्सन एण्ड जोन्सन खोप दिईने छ । बिभिन्न स्थानीय निकायहरुले यसको सूचना प्रकाशित गरेका छन् । श्रमिकले नजिकैको स्वास्थ्य कार्यलयमा गई आफ्नो भिषा देखाई खोप लगाउन पाउनेछन् ।
- कोभिड भ्याक्सिनलाई प्राथमिकता दिदै ठुला-ठुला क्याम्प-क्याम्पमै मोबाइल खोप टोली पुऱ्याइदै छ ।
- १२ देखी १५ वर्षका बालबालिकालाई खोप दिन शुरु गरिएको छ ।

### कतार:

- अहिले ईदको छुट्टीमा नेपाली राजदूतावास बन्द रहेको छ । साथै आपतकालीन सेवाका लागि ३३५६०११० मा सम्पर्क गर्न सकिने जनाएको छ ।
- तयार भएर दुतावासमा आईसकेका राहदानी जुलाई २२ तारिख बिहान ९ देखि १२ बजेसम्म वितरण हुने जानकारी दूतावासले दिएको छ ।

www.facebook.com/shramik.sanjal बाट तपाई हेरेक आईतबार, बुधबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ।

LIVE

# कथा किनाराको

## कोरोना मुक्त भएको खुशियालीमा बिरुवा रोप्ने हरित अभियन्ता

हेमन्तराज काफ्लेलाई नेपालगञ्जवासीले हरित अभियन्ताको रुपमा चिन्दछन् । उनी पेशाले शिक्षक अनि पत्रकार पनि हुन् । नेपालगञ्ज कोरोनाको केन्द्र बिन्दु बन्दा उनलाई के गर्ने कसो गर्ने भनेर उकुसमुकुस भयो । जताततै अक्सिजनको अभाव । अस्पताल बिरामीले खचाखच । उनले टुलुटुलु हेरेर बस्न सकेनन् । एक जिम्मेवार नागरिकको जिम्मेवारी संकटमा अरुलाई सहयता गर्नु हो भन्ने मनन गरेर “१ हजार अस्पतालका लागि” अभियान सुरु गरे । अभियान थालेको केही दिनमै राम्रो सहयोग जुट्यो । त्यसबाट उठेको रकमबाट ५ लाख बढिको स्वास्थ्य सामाग्रीको जोहो गरी भेरी अस्पताललाई हस्तान्तरण गरे ।

> **केही व्यक्तिले “मागेर काम चलाउने ?” जस्ता अभिव्यक्ति पनि दिए, तर उनिसँगै “विपतमा परेको बेला एक मुठी चामल पनि ठुलो सहयोग हुन्छ” भन्ने साथीहरु पनि थिए । जसले उनलाई प्रेरित गरिरहे ।**





यहि बिचमा उनकी दिदि पनि कोरोना संक्रमित भईन् । उनी कुरुवा बस्नुपर्ने भयो । त्यसबेला उनले अझै दर्दानक दृष्यहरु देखे । मानौं त्यहाँ सबैको श्वास चिकित्सक र नर्समा अल्झिएको छ । चिकित्सक र नर्स बाहिरिदा उनिहरुले फेर्ने श्वास पनि उनिहरुसँगै बाहिरिन्छ । उनिसँग पनि अरु विकल्प थिएन । बिरामीको चित्कार सुन्ने र चिकित्सक र नर्सको बाटो हेर्ने उनको दैनिकी बन्यो । दिदिको कुरुवा बसेका उनी केही समयमा घाँटी दुख्ने जस्ता समस्याले ग्रसित हुन पुगे । चिकित्सकको सल्लाह अनुसार घरमै बसे ।

लक्षण देखिए पश्चात पिसिआर परीक्षण गरेका काफ्लेलाई पनि कोरोना पोजेटिभ देखियो । उनको अवस्था कष्टकर नै थियो, तर, अस्पतालको भयावह अवस्था देखेका काफ्लेलाई अस्पताल बस्न आँट आएन । लामो समय होम आईसोलेशनमा पैठेजोरी खेल्दै अन्ततः उनी कारोना मुक्त भए । संक्रमण मुक्त भएकै दिन उनले खुशियालीमा घरको प्रांगणमा एउटा बिरुवा रोपेर सबैलाई सुस्वास्थ्यको कामना कामना गरे । हरित अभियन्ता हेमन्त राज काफ्ले बिगत लामो समय देखि यो अभियान चालिरहेका छन्, तर कोरोनाका दोस्रो लहरमा भएको अक्सिजनको अभाव खड्किएपछि भने अझै यो अभियानमा जोडतोडका साथ लागिपरेका छन् ।

# भोइसेस आउट लाउड - मेरो कुरा



**डा. बचसपति सुवेदी**

इमर्जेन्सी फिजिसियन,
गण्डकी मेडिकल कलेज, पोखरा

पहिलो लहरमा जनशक्तिको अभाव भएतापनि दोस्रो लहररपछि पर्याप्त जनशक्तिको कारण हप्तामा ४ दिन डियुटी गरे पुग्छ । तर, महामारी उत्कर्षमा पुगेको बेला एकजना ६/७ वर्षको बालक आएर"डाक्टर अंकल मेरो बाबालाई जसरी पनि बचाइदिनुस है" भनेको आवाजले आज पनि बाँकी समय घरमा बस्न दिँदैन । अहिले सरकारले निषेधाज्ञा खुकुलो बनाएसँगै अस्पतालमा फेरि कोभिडका बिरामी बढेका छन् । आफुलाई पर्दा मात्र यसको पीडा महसुस हुन्छ । त्यसैले आफै सतर्कता अपनाउनु नै बुद्धिमानी हुन्छ ।

लकडाउनको गर्दा सबै मानिसहरु घरमै बस्न बाध्य भए र कामको शिलशिलामा बाहिर गएकाहरु समेत घर फर्किए । जसले गर्दा यो समयमा अनिच्छित गर्भ रहने समस्याले सबै भन्दा बढी महिलाहरूलाई मानसिक रुपमा तनाव दिईरहेको थियो । यसलाई मध्यनजर गर्दै हामीले विशेष गरेर परिवार नियोजनका साधनहरुमा सबैको सहज पहुँच होस् भनेर काम गऱ्यौं । हाम्रो स्वास्थ्य केन्द्रमा आउन नसकेकाहरूलाई उहाँहरुकै घरदैलोमा पुगेर समेत सेवा दिईरहेका छौं । अहिले हाम्रो यो सानो प्रयासले धेरै महिलाहरु अनिच्छित गर्भ रहनबाट जोगिएका छन् ।

**मिना राना**

अनमी, घोड्सुवा शहरी स्वास्थ्य केन्द्र,
धनगढी, कैलाली



# FAIR FACTS

is a product of:

CIVIC ACTION TEAMS

**फेयर फ्याक्ट्स** महामारीको संकट समाधान तर्फको भरपर्दो साथी हो जसले सक्रिय नागरिक, जिम्मेवार नेतृत्व र जवाफदेही निकायलाई एक सुत्रमा जोड्दछ । साथसाथै, कोभिड - १९ सम्बन्धी गलत सूचना र हल्लाले निम्त्याउने समस्यालाई तथ्यमा आधारित जानकारीको माध्यमबाट समाधान गर्न प्रयास गर्दछ । कोरोनाले सृजित जटिल स्वास्थ्य संकट, जनजिविका र सामाजिक असुरक्षा जस्ता अतिनै संवेदनशिल विषयमा छिटो र विश्वसनिय सूचना संकलन गरी व्यवहारिक विश्लेषणको आधारमा समस्याको समाधान खोज्दछ ।

कोभिड - १९ फगत स्वास्थ्यसंग सम्बन्धित संकटमात्र होइन, यसले शासन प्रणालीको जवाफदेहिता नेतृत्वको निष्ठा र सामाजिक मुल्य मान्यतालाई पनि प्रभावित पार्दछ । Civic Action Team कोरोना भाईरसलाई परास्त गर्न नसुनिएका किनाराका कथा र आवाजहरुको शक्तिलाई निष्पक्ष, पारदर्शी र न्यायोचित प्रतिकार्यमा उपयोग गर्न कृयाशिल सकृय र सृजनशिल समुदायको साझा मञ्च हो ।



Brought to you by:

accountabilitylab communities

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।


**REACH OUT TO US ON**

@CivicActionTeams

@civacts

@CivActs

Civic Action Teams

/accountability_lab

Email: civactsnp@accountabilitylab.org

Phone: 9851203219